# प्रविधि हस्तान्तरण कार्यक्रम सञ्चालन सम्बन्धी कार्यविधि, २०८२

मा. मन्त्री स्तरबाट स्वीकृत मितिः
२०८२/०५/१९

<u>प्रस्तावनाः</u> पूँजीको अभावमा रहेका लघु, घरेलु तथा साना उद्योगको वास्तविक आवश्यकता र मागको आधारमा उपयुक्त, लागत-सापेक्ष प्रविधि खरिद, जडान र सञ्चालन गरी त्यस्ता उद्योगको उत्पादन क्षमता, गुणस्तर र उत्पादकत्व अभिवृद्धि गर्न वाञ्छनीय भएकोले,

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ६५ को उपदफा (४) ले दिएको अधिकार प्रयोग गरी उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयले यो कार्यविधि वनाएको छ।

## परिच्छेद - १
## प्रारम्भिक

१. <u>संक्षिप्त नाम र प्रारम्भः</u> (१) यस कार्यविधिको नाम "प्रविधि हस्तान्तरण कार्यक्रम सञ्चालन सम्वन्धी कार्यविधि२०८२ ," रहेको छ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

२. <u>परिभाषाः</u> विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः-

(क) "अनुदान" भन्नाले प्रविधि हस्तान्तरणका लागि उपलब्ध गराइने रकम सम्झनुपर्छ।

(ख) "उद्योग" भन्नाले प्रचलित कानूनबमोजिम दर्ता भएको दफा ३ बमोजिमको लघु, घरेलु तथा साना उद्योग सम्झनुपर्छ।

(ग) "उद्यमी" भन्नाले उद्योगको स्वामित्व भएको व्यक्ति सम्झनुपर्छ।



नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय

(घ) "केन्द्र" भन्नाले लघु, घरेलु तथा साना उद्योग प्रवर्द्धन केन्द्र सम्झनुपर्छ।

(ङ) "प्रविधि" भन्नाले औद्योगिक वस्तुको उत्पादन, प्रशोधन, भण्डारण प्रक्रियाका लागि आवश्यक पर्ने मेसिन वा उपकरण वा औजार वा कुनै काम गर्दा अनुभव तथा प्रयोगका आधारमा अँगालिने खास विधि वा प्रक्रिया वा कुनै कुराको निर्माण गर्न वैज्ञानिक ढङ्गले काम गर्ने पद्दति, सीप, ढङ्ग वा कौशल वा तकनिकीलाई सम्झनु पर्छ।

(च) "प्रविधि हस्तान्तरण" भन्नाले औद्योगिक वस्तुको उत्पादन, प्रशोधन, भण्डारणका लागि उद्योगलाई आवश्यक पर्ने मेसिन वा उपकरण वा औजार उपलब्ध गराउने वा मेसिन वा उपकरण वा औजार खरिदमा सहयोग उपलब्ध गराउने कार्य सम्झनु पर्छ।

(छ) "मन्त्रालय" भन्नाले उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय सम्झनुपर्छ।

## परिच्छेद -२

## कार्यक्रम र सञ्चालन प्रक्रिया

३. <u>कार्यक्रम र क्षेत्र:</u> (१) यस कार्यविधि बमोजिम केन्द्रले वार्षिक बजेट तथा कार्यक्रममा उल्लिखित देहायको कार्यक्रम सञ्चालन गर्नुपर्नेछः-

(क) कोशी प्रदेशमा मागमा आधारित प्रविधि हस्तान्तरण कार्यक्रम,

(ख) मधेश प्रदेशमा मागमा आधारित प्रविधि हस्तान्तरण कार्यक्रम,

(ग) वाग्मती प्रदेशमा मागमा आधारित प्रविधि हस्तान्तरण कार्यक्रम,

(घ) गण्डकी प्रदेशमा मागमा आधारित प्रविधि हस्तान्तरण कार्यक्रम,

(ङ) लुम्बिनी प्रदेशमा मागमा आधारित प्रविधि हस्तान्तरण कार्यक्रम,

(च) कर्णाली प्रदेशमा मागमा आधारित प्रविधि हस्तान्तरण कार्यक्रम,

(छ) सुदुरपश्चिम प्रदेशमा मागमा आधारित प्रविधि हस्तान्तरण कार्यक्रम,

(ज) महिला उद्यमीहरुबाट सञ्चालित नेपाल व्यापार एकीकृत रणनीति बमोजिमका कृषिजन्य, वनजन्य तथा लघु, घरेलु तथा साना उद्योगका लागि प्रविधि हस्तान्तरण।

(२) उपदफा (१) बमोजिमको कार्यक्रम देहायका क्षेत्रका उद्योगमा सञ्चालन गर्नु पर्नेछः

(क) उत्पादनमूलक उद्योग,

(ख) खनिजजन्य वस्तु प्रशोधन उद्योग,

(ग) प्राथमिक उत्पादनका क्षेत्र बाहेकका कृषिजन्य, पशुजन्य र वनजन्य प्रशोधन उद्योग।

<u>स्पष्टीकरणः</u> उपदफा (२) को खण्ड (ग) को प्रयोजनका लागि प्राथमिक उत्पादनका क्षेत्र बाहेकका कृषिजन्य, पशुजन्य र वनजन्य प्रशोधन उद्योग भन्नाले कृषि, पशु र वन क्षेत्रमा प्राथमिक उत्पादन मात्र गर्ने बाहेक प्राथमिक उत्पादनको प्रशोधन गरी द्वितीयक वा अन्य वस्तु उत्पादन गर्ने उद्योग सम्झनुपर्छ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि उपदफा (१) को खण्ड (ज) बमोजिमको कार्यक्रम वार्षिक बजेट तथा कार्यक्रममा तोकिएका क्षेत्रका उद्योगमा सञ्चालन गर्नुपर्नेछ।

४. <u>कार्यक्रमको ढाँचा, प्रविधिको लागत तथा अनुदानको सीमाः</u> (१) यस कार्यविधि बमोजिमको कार्यक्रम लघु, घरेलु तथा साना उद्योगसँग लागत सहभागिताको आधारमा सञ्चालन गरिनेछ।



कृष्ण बहादुर राउत
सचिव (उद्योग)

(२) प्रविधि खरिदका लागि प्रविधि हस्तान्तरणको रकम न्यूनतम तीन लाखदेखि अधिकतम दश लाख रुपैंयासम्म हुनेछ।

(३) छनोट भएका उद्योगलाई केन्द्रले स्वीकृत भएको प्रविधिको लागत रकमको साठी प्रतिशत वा दश लाख मध्ये जुन कम हुन आउँछ त्यति रकम सोधभर्ना गरी उपलब्ध गराउनेछ।

५. <u>उद्योगको न्यूनतम योग्यता:</u> देहायको न्यूनतम योग्यता पुरा गरेका उद्योग यस कार्यक्रममा सहभागी हुन सक्नेछन्:

(क) प्रचलित कानून बमोजिम उद्योगको रूपमा दर्ता भई सम्बन्धित प्रदेशमा सञ्चालनमा रहेको;

(ख) प्राइभेट फर्म ,साझेदारी फर्म ,कम्पनी वा सहकारी संस्था उद्योगको रूपमा उद्योग दर्ता गर्ने निकायमा दर्ता भएको;

(ग) उद्योगले स्थायी लेखा नम्बर वा मूल्य अभिबृद्धि कर नम्बर लिएको:

(घ) उद्योगले गत आर्थिक वर्षको कर चुक्ता प्रमाणपत्र लिएको;

(ङ) औद्योगिक व्यवसाय ऐन, २०७६ बमोजिम होल्डिङ्ग तथा लगानी कम्पनीको रूपमा दर्ता नभएको।

तर, दफा ३ को उपदफा (१) को खण्ड (ज) बमोजिमको कार्यक्रमका हकमा वार्षिक वजेट तथा कार्यक्रममा तोकिएको क्षेत्रमा महिला उद्यमीबाट सञ्चालित उद्योग समेत भएको हुनुपर्नेछ।

६. <u>प्रस्ताव आह्वान गर्ने:</u> (१) केन्द्रले यस कार्यविधि बमोजिम प्रविधि हस्तान्तरण बापतको रकम लिन इच्छुक उद्यमीबाट प्रस्ताव आह्वान गरी कम्तिमा एक्काइस दिनको अवधि दिई राष्ट्रियस्तरको दैनिक पत्रिका र विद्युतीय माध्यमबाट अनुसूची - १ बमोजिमको ढाँचामा सूचना प्रकाशन गर्नुपर्नेछ।

(१) उपदफा (२) बमोजिमको अवधिभित्र पर्याप्त आवेदन नपरेमा एकपटकको निम्ति केन्द्रले बढीमा सात दिनको लागि प्रस्ताव आह्वानको म्याद थप गर्न सक्नेछ।

७. <u>प्रस्ताव पेस गर्नु पर्ने</u>: (१) यस कार्यविधिको दफा ५ बमोजिमको योग्यता पुगेका उद्योगले प्रविधि हस्तान्तरण कार्यक्रममा सहभागी हुन दफा ६ बमोजिमको सूचनाको अवधिभित्र अनुसूची-२ बमोजिमको ढाँचामा केन्द्रमा प्रस्ताव पेस गर्नुपर्नेछ।

(१) उपदफा (२) बमोजिमको प्रस्ताव केन्द्रले अनलाईन प्रणाली वा विद्युतीय माध्यम मार्फत पेस गर्ने व्यवस्था मिलाउन सक्नेछ।

## परिच्छेद -३

## प्रस्तावको मूल्याङ्कन तथा छनोट

८. <u>प्रस्ताव मूल्याङ्कन समिति</u>: (१) दफा ७ बमोजिम प्राप्त हुने प्रस्तावको मूल्याङ्कन गर्न केन्द्रमा देहाय वमोजिमको मूल्याङ्कन समिति रहनेछः-

(क) शाखा प्रमुख, अध्ययन, अनुसन्धान तथा प्रशिक्षण शाखा -संयोजक

(ख) अधिकृत प्रतिनिधि, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय -सदस्य

(ग) अधिकृत, प्रशासन, योजना तथा तथ्याङ्क शाखा -सदस्य

(घ) लेखा अधिकृत, आर्थिक प्रशासन शाखा, -सदस्य

(ङ) अधिकृत, अध्ययन, अनुसन्धान तथा प्रशिक्षण शाखा -सदस्य-सचिव

बमोजिमको मूल्याङ्कन समितिले बैठकमा (१) उपदफा (२)बढीमा तीन जना विज्ञलाई आमन्त्रण गर्न सक्नेछ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
सिंहदरबार, काठमाडौं

९. न्यूनतम योग्यता पुगेका प्रस्तावको सुचीः १. दफा ७ बमोजिम प्राप्त हुन आएका प्रस्तावको परीक्षण गरी मूल्याङ्कन समितिले दफा ५ बमोजिम न्यूनतम योग्यता पुगेका उद्योगको सूची तयार गर्नुपर्नेछ।

१०. प्रस्तावको मूल्याङ्कनः (१) प्रस्ताव मूल्याङ्कन समितिले दफा ९ बमोजिम न्यूनतम योग्यता पुगेका प्रस्तावको देहायका विषयमा आधारित भई अनुसूची- ३ बमोजिमको अङ्कभारको आधारमा मूल्याङ्कन गर्नुपर्नेछः-

(क) उद्योगको पूँजीगत संरचना

(ख) उद्योगमा लैङ्गिक तथा समावेशीकरण

(ग) प्रत्यक्ष रोजगारी सिर्जना

(घ) उद्योग सञ्चालन अवधि

(ङ) भौगोलिक क्षेत्र

(च) प्रस्तावको औचित्यता (पेस गरेको प्रस्ताव)

(छ) बौद्धिक सम्पत्ति दर्ता (दर्ता प्रमाणपत्र/अनुमति)

(ज) प्राविधिक क्षमता (उद्योगी तथा उद्योगमा कार्यरत कर्मचारीले लिएको व्यवस्थापन र सीप अभिबृद्धिको तालिम लिएको अवधि खुल्ने प्रमाणपत्र)

(झ) उद्योगले पछिल्लो तीन आ.व मा नाफा गरेवापत आयकर रकम तिरेको (कर चुक्ता प्रमाणपत्र)

(२) मूल्याङ्कन समितिले दफा ९ बमोजिम सूचीमा उल्लेख भएका सबै प्रस्तावको प्राप्ताङ्कका आधारमा अनुसूची- ४ बमोजिमको प्राथमिकीकरण सूची तयार गर्नुपर्नेछ ।

(३) मूल्याङ्कनको क्रममा मूल्याङ्कन समितिले आवश्यकता अनुसार स्थलगत निरीक्षण गर्न तथा उद्यमीबाट थप विवरण माग गर्न वा लिखित रूपमा स्पष्ट पार्न लगाउन सक्नेछ ।

(४) उपदफा (२) बमोजिम सूचीकृत उद्योगको स्पेसिफिकेशन केन्द्रले स्वीकृत गरी अनुसूची- ५ बमोजिम लागत अनुमान तयार गर्नुपर्नेछ।

तर, कुनै उद्योगले माग गरेको प्रविधिको स्पेशिफिकेशन वा लागत अनुमान तयार गर्न सम्भव नहुने भएमा त्यस्तो प्रविधिलाई मूल्याङ्कन प्रक्रियामा समावेश गरिने छैन।

(५) केन्द्रले अनुसूची- ४ बमोजिमको प्राथमिकिकरण सूची र अनुसूची- ५ बमोजिमको लागत अनुमान भएको अनुसूची- ६ बमोजिमको अनुदान रकम सहितको उद्योगको सूची तयार गर्नुपर्नेछ।

(६) अनुदानको लागि उद्योगको सूची तयार गरी मूल्याङ्कन समितिले छनोटका लागि सिफारिश गर्नुपर्नेछ ।

११. <u>प्रस्तावको छनोटः</u> केन्द्रले मूल्याङ्कन समितिको सिफारिसको आधारमा प्रविधिको स्पेशिफिकेशन, लागत अनुमान र विनियोजन भएको रकमको आधारमा प्रविधि प्राप्त गर्ने उद्योगको सूची छनोट गर्नुपर्नेछ।

## परिच्छेद -४

## सम्झौता तथा अनुदान भुक्तानी प्रक्रिया

१२. <u>छनोट भएको सूची प्रकाशनः</u> (१) दफा ११ बमोजिम छनोट भएका उद्योगको सूची दावी विरोधको लागि सात दिनको म्याद दिई राष्ट्रियस्तरको दैनिक पत्रिकामा अनुसूची- ७ बमोजिम सार्वजनिक गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम दावी विरोध नपरेमा सूचीकृत उद्योगलाई पन्ध्र दिनभित्र सम्झौता गर्न आउन सूचित गरिनेछ तर दावी विरोध परेका उद्योगलाई सो विषयको निरूपण भए पश्चात् सम्झौताको लागि सूचित गरिनेछ।

१३. <u>प्रविधि हस्तान्तरण सम्झौताः</u> (१) केन्द्रले दफा १२ बमोजिम सम्झौताका लागि सूचित गरिएका उद्योगले प्रस्तावमा माग गरे अनुरूपको प्रविधिका सम्वन्धमा स्थलगत अनुगमन गरी जानकारी लिन सक्नेछ।

(२) केन्द्रले दफा १२ बमोजिम सम्झौता गर्न आउने उद्योगको उपदफा (१) बमोजिम स्थलगत अनुगमन गरेको भए सोको प्रतिवेदन समेतका आधारमा अनुसूची- ८ बमोजिमको ढाँचामा सम्बन्धित उद्योगसँग सम्झौता गर्नु पर्नेछ। तोकिएको अवधिमा सम्झौता गर्न नआउने उद्योगका लागि सम्झौता गर्ने म्याद थप गरिने छैन।

(३) उपदफा (१) बमोजिमको अनुगमनवाट उद्योगले प्रस्तावमा माग गरेको प्रविधि जडान गर्न आवश्यक नदेखिएमा वा अन्य कैफियत देखिएमा केन्द्रबाट सम्झौताको प्रक्रिया अगाडी वढाइने छैन।

१४. <u>प्रविधि खरिद, जडान तथा सञ्चालनः</u> (१) उद्योगले स्वीकृत स्पेशिफिकेशन र लागत अनुमानको अधीनमा रही प्रविधि खरिद गर्नुपर्नेछ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
सिंहदरबार, काठमाडौं

(२) दफा १३ बमोजिम सम्झौता भएको मितिले बढीमा पचहत्तर दिनभित्र सम्वन्धित उद्योगले प्रविधि खरिद तथा जडान गरी देहायका कागजात संलग्न गरी प्रविधि हस्तान्तरणको रकम शोधभर्नाका लागि केन्द्रमा निवेदन दिनुपर्नेछः-

(क) अनुसूची- ९ बमोजिमको ढाँचामा सम्बन्धित वडा कार्यालयको सिफारिस,

(ख) अनुसूची- १० बमोजिमको प्रतिवेदन,

(ग) अनुसूची- ११ बमोजिमको निवेदन,

(घ) प्रविधि खरिदको सक्कल कर बिजक।

१५. <u>अनुगमन तथा अनुदान रकम सोधभर्नाः</u> (१) केन्द्रले दफा १४ बमोजिमको निवेदन प्राप्त भएपश्चात् केन्द्रबाट स्वीकृत स्पेशिफिकेशन अनुसार प्रविधि खरिद तथा जडान गरी सञ्चालनमा ल्याएको छ/छैन भन्ने सम्वन्धमा स्थलगत अनुगमन गरी अनुसूची- १२ बमोजिमको प्रतिवेदन लिनु पर्नेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि केन्द्रले स्वीकृत स्पेशिफिकेशन अनुसार प्रविधि खरिद तथा जडान गरी सञ्चालनमा ल्याएको छ/छैन भन्ने सम्बन्धमा तेस्रो पक्षबाट स्थलगत अनुगमन गराई अनुसूची- १२ बमोजिमको प्रतिवेदन लिन बाधा पुगेको मानिने छैन।

(३) उपदफा (१) वा (२) बमोजिमको अनुगमन प्रतिवेदनबाट स्वीकृत स्पेशिफिकेशन अनुसार प्रविधि खरिद तथा जडान गरी सञ्चालनमा ल्याएको देखिएमा सम्बन्धित उद्योगको बैंक खातामा सम्झौता बमोजिमको रकम शोधभर्ना दिनुपर्नेछ ।

(४) स्वीकृत स्पेशिफिकेशन वाहिरको प्रविधि खरिद तथा जडान भएमा केन्द्रले सम्झौता अनुसारको रकम उपलब्ध गराउने छैन।

## परिच्छेद – ५
## विविध

१६. <u>केन्द्रले लगत राख्नु पर्ने:</u> यस कार्यविधि अन्तर्गत भएका प्रविधि हस्तान्तरणको केन्द्रले अनुसूची-१३ बमोजिमको ढाँचामा लगत राख्नु पर्नेछ।

१७. <u>कार्यालय व्यवस्थापन खर्च:</u> प्रविधि हस्तान्तरणको लागि उद्योगको सूची तयार गर्दा कुल विनियोजन भएको रकमको चार प्रतिशत कार्यालय व्यवस्थापन खर्च छुट्टाई बाँकी बजेटको सीमाभित्र रही प्राथमिकताको आधारमा सिफारिस गर्नुपर्नेछ।

१८. <u>प्रविधि उपयोगको अनुगमन गराउन सकिने:</u> केन्द्रले यस कार्यविधि बमोजिमको कार्यक्रमबाट हस्तान्तरण भएको प्रविधिको उपयोग र उद्योगको सञ्चालनका सम्वन्धमा सम्बन्धित स्थानीय तहसँग समन्वय गरी गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रमका उद्यम विकास सहजकर्तामार्फत समेत अनुगमन गराउन सक्नेछ।

१९. <u>प्रचलित कानून बमोजिम हुने:</u> यस कार्यविधिमा उल्लेख भएका विषयको हकमा यसै कार्यविधि बमोजिम र अन्य कुराको हकमा प्रचलित नेपाल कानून बमोजिम हुनेछ।

२०. <u>बाधा अड्काउ फुकाउ:</u> यस कार्यविधिको कार्यान्वयनको क्रममा कुनै बाधा अड्काउ परेमा मन्त्रालयले फुकाउन सक्नेछ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
सिंहदरबार, काठमाडौं

अनुसूची- १

दफा ६ को उपदफा (१) सँग सम्बन्धित

<u>प्रविधि हस्तान्तरणका लागि प्रस्ताव पेस गर्ने सम्बन्धी सूचना</u>

(सूचना प्रकाशित मिति:)

लघु, घरेलु तथा साना उद्योग प्रवर्द्धन केन्द्रको वार्षिक बजेट तथा कार्यक्रम अन्तर्गत प्रविधि हस्तान्तरण कार्यक्रम सञ्चालन सम्बन्धी कार्यविधि, २०८२ को दफा ५ बमोजिम योग्यता पुगेका लघु, घरेलु तथा साना उद्योगलाई उत्पादन विस्तार, उत्पादकत्व अभिवृद्धि, उत्पादन विविधीकरण र प्रदूषण न्यूनीकरण गर्न मेशिन/औजार/उपकरण खरिदमा लागत सहभागितामा आधारित अनुदान रकम उपलब्ध गराइने भएकोले ईच्छुक उद्योगले यो सूचना प्रकाशित भएको मितिले एक्काइस दिनभित्र अनुसूची--२ बमोजिमको ढाँचामा प्रस्ताव पेस गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ। यस सम्वन्धी विस्तृत जानकारीका लागि लघु, घरेलु तथा साना उद्योग प्रवर्द्धन केन्द्रमा सम्पर्क गर्न तथा केन्द्रको वेबसाइट www.mcsipc.gov.np मा रहेको विस्तृत सूचना र कार्यविधि अध्ययन गर्न समेत यसै सूचना मार्फत जानकारी गराइन्छ।

अनुसूची- २

दफा ७ को उपदफा (१) सँग सम्बन्धित

**प्रस्तावको ढाँचा**

श्री लघु, घरेलु तथा साना उद्योग प्रवर्द्धन केन्द्र,
त्रिपुरेश्वर, काठमाडौं।

विषयः प्रविधि हस्तान्तरण गरी पाउँ।

त्यस कार्यालयबाट मिति .................... मा ..........................पत्रिका/वेवसाइटमा प्रकाशित सूचना वमोजिम प्रविधि हस्तान्तरण कार्यक्रममा सहभागी गराई मेरो/हाम्रो उद्योगमा उत्पादन विस्तार/उत्पादकत्व अभिवृद्धि/उत्पादन विविधीकरण गर्न आवश्यक रहेको देहायको प्रविधि खरिद तथा जडानको लागि लागत सहभागितामा आधारित अनुदान उपलब्ध गराई दिन हुन अनुरोध गर्दछु/छौं।

१. उद्योगको नामः............................................

२. उद्योगको ठेगानाः जिल्ला.........................गा.पा/न.पा..................................

वडा नं.......गाउँ/टोल.....................

टेलिफोन नं...................................ईमेलः................................................

३. उद्योग दर्ता भएको कार्यालयः.........................दर्ता नं...........मितिः..........

४. उद्योगको विवरणः

(क) स्थिर पूँजीः

(ख) चालू पूँजीः

(ग) कूल पूँजीः

(घ) वार्षिक उत्पादनको किसिम तथा परिमाणः

(ङ) प्रत्यक्ष रोजगारी सङ्ख्याः..........(जना)

(च) उद्योग सञ्चालन अवधिः ...........(वर्ष)

(छ) उद्योगको वर्गीकरणः लघु/घरेलु/साना

(ज) उद्योगको क्षेत्रः

(झ) बौद्धिक सम्पति दर्ता छ/छैनः/

पेटेण्टः ट्रेडमार्कः डिजाइनः

नेपाल सरकार
वाणिज्य तथा आपूर्ति मन्त्रालय
सिंहदरबार, काठमाडौं

५. माग गरेको प्रविधिको विवरण

| क्रस | मेसिन/औजार/उपकरणको नाम | स्पेसिफिकेसन | इकाई | परिमाण | अनुमानित | | पाइने स्थान वा आपुर्तिकर्ता | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | मूल्य दर | जम्मा मूल्य | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |

**स्पेसिफिकेसनको लागि मेसिन/औजार/उपकरणको नाम उल्लेख गरि छुट्टैपाना समेत संलग्न गर्न सकिनेछ।**

६. माग गरेको मेसिन/औजार/उपकरणको उपयोग

यस खण्डमा माग गरेको प्रविधिको उपयोगको बारेमा विस्तृर रुपमा खुलाउनहुन। प्रविधिको उद्धेश्य र यसले गर्दा उद्योगको उत्पादन, प्रशोधन वा भण्डारणमा पार्ने सकारात्मक प्रभावहरु जसले उत्पादकत्व अभिबृद्धि वा लागत मूल्य नियन्त्रण वा वातावरणीय प्रदुषणमा न्यूनीकरणको लागि सहयोग पुग्ने कारणहरु।

**उपयोग खुलाउनको लागि माथि पर्याप्त नभएमा छुट्टैपाना समेत संलग्न गर्न सकिनेछ।**

७. प्रस्तावको औचित्यता/प्राविधिक क्षमता

यस खण्डमा माग गरेको प्रविधिको औचित्यताको बारेमा स्पष्ट रुपमा उल्लख गर्नुहुन। माग गरेको प्रविधिले

| प्रविधिको औचित्यता | प्रस्तावित प्रविधि हाल उपलब्ध नहुँदा उद्योगले हाल सो कार्य कसरी गरिराखेको वा | प्रस्तावित प्रविधिको जडान पश्चात उद्योगमा हुने सुधार हुने प्रकृया र कसरी सो प्रविधिले सो प्रकृया सुधार गर्ने स्पष्ट रुपमा उल्लेख गर्नुहुन |
|---|---|---|
| | | |

| | | |
|---|---|---|
| | सो कार्य नै नगरेको स्पष्ट उल्लेख गर्नुहुन | |
| उत्पादन विविधीकरण गर्न प्रविधि प्रस्ताव गरेको | | |
| उत्पादकत्व अभिवृद्धि गर्न प्रविधि प्रस्ताव गरेको | | |
| मौजुदा प्रविधिको प्रतिस्थापन मात्रै प्रस्ताव गरेको | | |
| वातावरण प्रदुषण न्यूनीकरणको प्रस्ताव गरेको | | |

प्रविधिको औचित्यता खुलाउनको लागि माथि पर्याप्त नभएमा छुट्टैपाना समेत यसै अनुरुपको ढाँचामा संलग्न गर्न सकिनेछ।

साथै, म/हामी मेरो/हाम्रो उद्योगको सम्बन्धमा देहाय बमोजिमको स्व:घोषणा गर्दछु/गर्दछौं।

१. मेरो/हाम्रो उद्योग र उद्योगमा स्वामित्व/सञ्चालक रहेको व्यक्ति प्रचलित कानून अनुसार कुनै पनि कालो सूचीमा रहेको छैन।

२. मेरो/हाम्रो उद्योगले यस अघि कुनै पनि सरकारी निकायबाट हाल माग गरेबमोजिमको प्रविधि सहयोग वा प्रविधि सहयोगबापत कुनै अनुदान रकम प्राप्त गरेको छैन।

३. मेरो/हाम्रो प्रस्ताव स्वीकृत भई प्रविधि सहयोग प्राप्त गरेमा सोको बेचबिखन, दुरूपयोग, विनाअनुमति स्थानान्तरण वा अन्य अवैध प्रयोजनका लागि प्रयोग नगरी उद्योगको विस्तार, स्तरोन्नति तथा उत्पादकत्व वृद्धिमा उपयोग गर्नेछु/गर्नेछौं।

नेपाल सरकार उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय सिंहदरबार, काठमाडौं

४. मेरो/हाम्रो प्रस्तावसाथ संलग्न गरेको कागजात अनुरुप मूल्याङ्कन प्रकृया अघि बढाउन मञ्जुर रहेको छु/छौं। कागजात संलग्न नगरेको अवस्थामा मूल्याङ्कन समितिले प्रदान गरेको अङ्कलाईनै आधार मानी मूल्याङ्कन प्रकृया अघि बढाउन मञ्जुर रहेको छु/छौं ।

५. प्रस्तावसाथ संलग्न सबै कागजात र यस स्वःघोषणामा उल्लिखित सम्पूर्ण ब्यहोरा ठीक साँचो हो। झुठा ठहरेमा कानून बमोजिम सहुँला बुझाउँला/सहौंला बुझाऔंला।

उद्योगको तर्फबाट निवेदकको

दस्तखत:

नाम, थर:

पद: उद्योगको छाप:

मिति:

निवेदनको साथ संलग्न गर्नुपर्ने कागजातहरु:

१. उद्योग दर्ता/नवीकरण,
२. उद्योगको ठेगाना परिवर्तन भएमा ठेगाना परिवर्तनको पत्र,
३. उद्योगको पुँजी परिवर्तन भएमा पुँजी परिवर्तनको पत्र,
४. स्थायी लेखा नम्वर वा मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र,
५. उद्योगको गत आ. व. को कर चुक्ता प्रमाणपत्र,
६. उद्योगको स्थापना अवधि तीन वर्ष भन्दा बढी भएमा गत तिन आर्थिक वर्षको करचुक्ता प्रमाणपत्र,
७. उद्योगमा कार्यरत जनशक्तिलाई नियुक्ति दिएको भएमा नियुक्ति पत्र र तलब भुक्तानीको प्रमाण (गत आर्थिक वर्षको तलवी भरपाई वा बैंक स्टेटमेन्ट)
८. उद्योगमा कार्यरत जनशक्तिले व्यवस्थापन र सीप अभिबृद्धिको तालिम लिएको भएमा व्यवस्थापन वा सीप अभिबृद्धिको तालिम लिएको अवधि खुल्ने प्रमाणपत्र,
९. बौद्धिक सम्पति दर्ता गरेको भएमा सोको प्रमाणपत्र वा अस्थाई ईजाजतपत्र (पेटेण्ट/डिजाईन/ट्रेडमार्क)
१०. उद्योगको स्वामित्वमा महिला, अपाङ्ग वा दलितको हिस्सेदारी भएमा सो पुष्टि हुने कागजात र उद्योगमा स्वामित्व खुल्ने कागजात,

अनुसूची- ३

दफा १० को उपदफा (१) सँग सम्बन्धित

<u>प्रस्ताव मूल्याङ्कनका आधार</u>

| क.स. | मूल्याङ्कनका आधारहरू | प्रदान गरिने अधिकतम अङ्क |
|---|---|---|
| १ | उद्योगको दर्ता तथा पूँजी संरचना | ५ |
| १.१ | साना उद्योग | ३ |
| १.२ | घरेलु उद्योग | ४ |
| १.३ | लघु उद्योग | ५ |
| २ | उद्योगमा लैङ्गिक तथा समावेशीकरण (स्वामित्व खुल्ने कागजात) | १५ |
| २.१ | महिला उद्यमीको स्वामित्वमा सञ्चालन भएको | १० |
| २.२ | दलित, सिमान्तकृत, अल्पसङ्ख्यक जनजाति समुदायका उद्यमीको स्वामित्वमा सञ्चालन गरेको | १३ |
| २.३ | अपाङ्गता भएका उद्यमीको स्वामित्वमा सञ्चालन भएको | १५ |
| २.४ | अन्य समुदायका उद्यमीको स्वामित्वमा सञ्चालन भएको | ८ |
| ३ | प्रत्यक्ष रोजगारी सिर्जना (नियुक्ति पत्र र गत आर्थिक वर्षको तलवी भरपाई वा बैंक स्टेटमेन्ट | ५ |
| ३.१ | ७ जनाभन्दा बढी | ५ |
| ३.२ | ४-७ जनासम्म | ४ |
| ३.३ | १-३ जनासम्म | ३ |
| ३.४ | सञ्चालक मात्र रोजगार भएमा | २ |
| ४ | उद्योग सञ्चालन अवधि (उद्योग दर्ता प्रमाणपत्र) | १० |
| ४.१ | ८ वर्षभन्दा बढी | १० |
| ४.२ | ५-८ वर्षसम्म | ८ |
| ४.३ | ३-५ वर्षसम्म | ६ |
| ४.४ | १-३ वर्षसम्म | ४ |

| | | |
|---|---|---|
| ४.५ | ०-१ वर्षसम्म | २ |
| ५ | भौगोलिक क्षेत्र (ठाउँसारी प्रमाणपत्र/उद्योग दर्ता) | १५ |
| ५.१ | गाउँपालिकामा सञ्चालित उद्योग | १५ |
| ५.२ | नगरपालिकामा सञ्चालित उद्योग | १३ |
| ५.३ | महा/उपमहानगरपालिकामा सञ्चालित उद्योग | १० |
| ६ | व्यवसायिक प्रस्तावको पेस गरेको प्रस्ताव( | २० |
| ६.१ | उत्पादन विविधीकरण गर्न प्रविधि प्रस्ताव गरेको | २० |
| ६.२ | उत्पादन वृद्धि गर्न प्रविधि प्रस्ताव गरेको | १५ |
| ६.३ | मौजुदा प्रविधिको प्रतिस्थापन मात्रै प्रस्ताव गरेको | १० |
| ६.४ | वातावरण प्रदुषण न्यूनीकरणको प्रस्ताव गरेको | ८ |
| ६.५ | प्रस्ताव प्रष्ट नभएको | ५ |
| ७ | बौद्धिक सम्पत्ति दर्ता/अनुमति) दर्ता प्रमाणपत्र( | ५ |
| ७.१ | पेटेण्ट स्वीकृत गरेको | १ |
| ७.२ | ट्रेडमार्क स्विकृत गरेको वा अस्थाई प्रमाणपत्र प्राप्त गरेको | ३ |
| ७.३ | डिजाइन स्वीकृत गरेको | १ |
| ८ | प्राविधिक क्षमता (उद्योगी तथा उद्योगमा कार्यरत कर्मचारीले लिएको व्यवस्थापन र सीप अभिबृद्धिको तालिम लिएको अवधि खुल्ने प्रमाणपत्र) | १० |
| ८.१ | उद्योगी वा उद्योगमा कार्यरत कामदारले सो उद्योग सम्बन्धी व्यवस्थापन र सीप अभिबृद्धिको तालिम लिएको | १० |
| ८.२ | उद्योगी वा उद्योगमा कार्यरत कर्मचारीले सो उद्योग सम्बन्धी व्यवस्थापन तालिम लिएको | ८ |
| ८.३ | उद्योगी वा उद्योगमा कार्यरत कर्मचारीले सो उद्योग सम्बन्धी सीप अभिबृद्धी तालिम लिएको | ६ |
| ८.४ | कुनै किसिमको तालिम नलिएको | ४ |
| ९ | उद्योगले पछिल्लो तीन आ.व मा नाफा गरेबापत आयकर रकम तिरेको (कर चुक्ता प्रमाणपत्र) | १५ |



कृष्ण बहादुर राउत
सचिव (उद्योग)

| | | |
|---|---|---|
| ९.१ | गत तीन आ.व. को आयकर रकम जोडदा ५ लाख भन्दा बढी भएको | १५ |
| ९.२ | गत तीन आ.व. को आयकर रकम जोडदा १ देखि ५ लाख भित्र भएको | १० |
| ९.३ | गत तीन आ.व. को आयकर रकम जोड्दा १ लाख भन्दा कम भएको | ६ |
| | <u>जम्मा</u> | <u>१००</u> |

उद्योगको प्रस्ताव मूल्याङ्कनमा समवेश हुनको लागि न्यूनतम चालिस अङ्क प्राप्त गरेको हुनुपर्नेछ।

कृष्ण बहादुर राउत
सचिव (उद्योग)

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
सिंहदरबार, काठमाडौं

अनुसूची- ४

दफा १० को उपदफा (२) सँग सम्बन्धित

<u>प्राथमिकीकरणको सूची</u>

| क. सं. | उद्योगको नाम | सम्पर्क व्यक्ति | सम्पर्क नं. | प्राप्ताङ्क | माग गरेको प्रविधि | प्रस्तावित प्रविधिको प्रयोग (उत्पादकत्व अभिवृद्धि, उत्पादनको विविधिकरण, वा विस्तार) | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

सूचीमा उद्योगले पाएको अंक (प्राप्ताङ्क) र उद्योगको नाम क्रमबद्ध रूपमा उल्लेख गर्नुपर्नेछ, जुन प्रविधि हस्तान्तरण स्वीकृतिमा सहयोगी हुनेछ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
सिंहदरबार, काठमाडौं

कृष्ण बहादुर राउत
सचिव (उ.वा.आ.)

अनुसूची- ५

दफा १० को उपदफा (४) सँग सम्बन्धित

<u>प्रविधिको लागत अनुमानको सूची</u>

| क. सं | उद्योगको नाम | प्रासाङ्क | माग गरेको प्रविधि | लागत अनुमान |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
सिंहदरबार, काठमाडौं

कृष्ण बहादुर राउत
सचिव (उद्योग)

अनुसूची- ६

दफा १० को उपदफा (५) सँग सम्बन्धित

<u>उद्योगले पाउने अनुदान रकमको सूची</u>

| क्र. सं | उद्योगको नाम | प्रासाङ्क | माग गरेको प्रविधि | लागत | अनुदान रकम | संञ्चित अनुदान रकम |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

अनुसूची- ७

दफा १२ को उपदफा (१) सँग सम्बन्धित

## दाबी विरोधको लागि सूचना

यस लघु, घरेलु तथा साना, उद्योग प्रवर्द्धन केन्द्र, त्रिपुरेश्वर, काठमाडौंबाट मिति ............ मा ........................ पत्रिका/बेवसाइटमा प्रकाशित सूचना बमोजिम प्रविधि हस्तान्तरण कार्यक्रममा प्राप्त प्रस्तावहरूको मूल्यांकन पश्चात् तल उल्लेखित उद्योगहरू छनोट गरिएको सूचित गरिन्छ। छनोट भएका उद्योगहरूको नाम, दर्ता नं., उद्योग रहेको ठेगाना र माग गरेको प्रविधि सहित सार्वजनिक गरिएको छ।

| क.सं. | उद्योगको नाम | उद्योगको दर्ता नं | उद्योगको ठेगाना | माग गरेको प्रविधि |
|---|---|---|---|---|
| १ | | | | |
| २ | | | | |
| ३ | | | | |
| ... | | | | |

यस सूचना प्रकाशन भएको मितिले सात (७) दिनभित्र दाबी/विरोध गर्न इच्छुक व्यक्तिहरूले आफ्नो लिखित दाबी वा आपत्ति लघु, घरेलु तथा साना, उद्योग प्रवर्द्धन केन्द्र, त्रिपुरेश्वर, काठमाडौंमा पेस गर्न सक्नेछन्।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
सिंहदरबार, काठमाडौं

कृष्ण बहादुर राउत
सचिव (उ.वा.आ.)

अनुसूची- ८

दफा १३ को उपदफा (२) सँग सम्बन्धित

## सम्झौता

लिखितम् .............................. जिल्ला .......................................... महा/उपमहा/नगरपालिका/गाउँपालिका वडा नं. ............................... बस्ने म श्री ................. ............................... (उद्योगको नाम र दर्ता नं ............ ......... दर्ता मिति .............................) ले लघु, घरेलु तथा साना उद्योग प्रवर्द्धन केन्द्र, त्रिपुरेश्वरबाट निम्न विवरणको मेसिन/ औजार/उपकरण खरिदका लागि अधिकतम साठी प्रतिशत अनुदान प्राप्त गर्ने गरी छनोट भएकोले उक्त मेसिन/औजार/उपकरण खरिद गरी नियमानुसार भुक्तानीको लागि पेस गर्नेछु। मैले प्राप्त गर्ने मेसिन/औजार/उपकरणहरू आफ्नो उद्योग व्यवसायको प्रवर्द्धन र विस्तारमा प्रयोग गर्नेछु। मेसिन/औजार/उपकरण बेचबिखन, दुरूपयोग, बिनाअनुमति स्थानान्तरण वा अन्य अवैध प्रयोजनका लागि प्रयोग नगरी उद्योगको विस्तार, स्तरोन्नति तथा उत्पादकत्व वृद्धिमा उपयोग गर्नेछु। प्रविधिको उचित सदुपयोग नभएमा वा नगरेमा सो मेसिन बापत प्रदान गरिएको रकम बराबर जरिवाना तिर्न मञ्जूर छु। यो सम्झौता विपरित गरेमा वा झुठ्ठा विवरण पेस गरेमा नियमानुसार प्राप्त अनुदान बापतको रकम फिर्ता समेतको कारबाही ब्यहोर्न राजी छु भनी देहायमा उल्लिखित शर्तहरू पालना गर्ने गरी यो सम्झौता पत्रमा हस्ताक्षर गरिलियौं/दियौं।

शर्तहरू

(१) उद्यमीले सम्झौता भएको मितिले पचहत्तर (७५) दिन भित्र प्रविधि खरिद, जडान र सञ्चालन गरी सक्कल कर बिजक र प्रविधि खरिद गरी जडान गरेको प्रतिवेदन तथा वडा कार्यालयको सिफारिस समेत संलग्न गरी अनुदान रकम शोधभर्नाका लागि केन्द्रमा निवेदन दिनुपर्नेछ।

(२) बुँदा नं. (१) बमोजिमको अवधिभित्र शोधभर्नाका लागि केन्द्रमा निवेदन प्राप्त नभएमा उद्योगलाई अनुदान रकम भुक्तानी गरिनेछैन।

(३) अनुदानबाट खरिद गर्ने मेसिन/औजार/उपकरणको विवरण यसैसाथ संलग्न छ। अनुगमन गर्दा यसैबमोजिमको मेसिन/उपकरण/औजार खरिद तथा जडान गरेको नपाइएमा उद्योगलाई अनुदान रकम भुक्तानी गरिनेछैन।

| क्र.स. | मेसिन/औजार/उपकरणको नाम तथा स्पेसिफिकेसन | परिमाण | प्रति ईकाई दर (करसहित) | जम्मा मूल्य (करसहित) | केन्द्रले ब्यहोर्ने अधिकतम मूल्य (करसहित) | उद्यमीले ब्यहोर्ने मूल्य (करसहित) | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |

२३

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |

| केन्द्रको तर्फबाट | उद्योग/उद्यमीको तर्फबाट |
|---|---|
| हस्ताक्षर ............................... | हस्ताक्षर ....................................... |
| नाम: ...................................... | नाम: ............................................ |
| पदः ......................................... | पदः ............................................... |
| कार्यालयको छापः | उद्योगको छापः |

इति संवत् साल महिना गते रोज शुभम् ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
सिंहदरबार, काठमाडौं

अनुसूची- ९

दफा १४ को उपदफा (२) खण्ड (क) सँग सम्बन्धित

<u>स्थानीय तहको अनुगमन सिफारिस पत्र</u>

श्री लघु, घरेलु तथा साना, उद्योग प्रवर्द्धन केन्द्र,
त्रिपुरेश्वर, काठमाडौं।

बिषयः प्रविधि खरिद गरी जडान गरेको सिफारिस सम्बन्धमा।

लघु, घरेलु तथा साना, उद्योग प्रवर्द्धन केन्द्रबाट मिति .................. मा .................. पत्रिका/वेबसाइटमा प्रकाशित सूचना बमोजिम प्रविधि हस्तान्तरणका लागि छनौट भएको देहायको उद्योगले केन्द्र र उद्योगबिच भएको मिति ...................... को सम्झौता अनुरूप तपशिलबमोजिमको मेशिन/औजार/उपकरण खरिद गरी जडान गरेको र अनुगमनको क्रममा सो सञ्चालनमा ल्याएको समेत देखिएको हुँदा सो वापतको अनुदान रकम भूक्तानी हुनको लागि सिफारिस गरिएको छ ।

<u>तपसिलः</u>

उद्योगको नाम र ठेगानाः

उद्योगमा स्वामित्व/सञ्चालक रहेका व्यक्तिको नामः

खरिद गरी जडान गरेको मेशिनको विवरणः नाम/संख्या

मेशिन खरिद गरेको बिक्रेता/आपूर्तिकर्ताको नाम र ठेगानाः

अनुगमन गरेको मितिः

अनुगमनकर्ताको नाम, थरः

पदः

<u>सिफारिस गर्ने</u>

स्थानीय तहको पदाधिकारीको नामः-

दस्तखतः-

पदः-

कार्यालयको छापः-

मितिः

अनुसूची- १०

दफा १४ को उपदफा (२) खण्ड (ख) सँग सम्बन्धित

**प्रविधि जडान सम्बन्धमा उद्योगको प्रतिवेदन**

१. उद्योगको नामः ...............................................

२. उद्योगको दर्ता नं.: ..................................

३. ठेगानाः ...............................................

४. प्रतिवेदन मितिः ...............................................

५. प्रविधि/मेसिनको नामः ...............................................

६. स्वीकृत स्पेसिफिकेशन अनुसारः

| विवरण | स्वीकृत स्पेसिफिकेशन | जडान गरिएको प्रविधिको विवरण | मेल/अमेल (Yes/No) | टिप्पणी |
|---|---|---|---|---|
| प्रविधिको नाम | [स्वीकृत नाम] | [जडान नाम] | | |
| क्षमता/क्षमता | [स्वीकृत क्षमता] | [जडान क्षमता] | | |
| उत्पादन दर | [स्वीकृत उत्पादन दर] | [जडान उत्पादन दर] | | |
| अन्य प्राविधिक विवरणहरू | [स्वीकृत विवरण] | [जडान विवरण] | | |

अन्य प्राविधिक विवरणहरूः

| Technical Features | स्वीकृत गरेको प्रविधिको | जडान गरेको प्रविधिको | कैफियत |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |

७. जडान गरिएको प्रविधिको फोटोहरूः

(यहाँ प्रतिवेदनसँग प्रविधिको चारैतिरबाट देखिने फोटोहरू खिचेर राख्ने)

७. प्रविधि जडानको समग्र मूल्याङ्कनः

सम्झौता पश्चात प्रविधि जडान गर्न लागेको समय (दिनमा):

प्रविधिको मूख्य कार्यः
प्रविधिको कुल लागतः
प्रविधिको सोधभर्ना हुने रकमः
प्रविधिले प्रस्ताव अनुरूप कार्य गरे/नगरेकोः

८. उद्योग प्रतिनिधिः

नामः ..................................................

पदः ..................................................

दस्तखतः ..................................................

मितिः ..................................................

सचिव (उद्योग)

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
सिंहदरबार, काठमाडौं

अनुसूची- ११

दफा १४ को उपदफा (२) खण्ड (ग) सँग सम्बन्धित

## <u>अनुदान भुक्तानीको लागि पेस गर्ने निवेदन</u>

श्री कार्यकारी अधिकृतज्यू,
लघु, घरेलु तथा साना उद्योग प्रवर्द्धन केन्द्र,
त्रिपुरेश्वर, काठमाडौं।

**विषयः प्रविधि खरिदको रकम सोधभर्नाको लागि निवेदन।**

श्रीमान,

यस निवेदन मार्फत [उद्योगको नाम] को तर्फबाट, [प्रविधि हस्तान्तरण] अन्तर्गत स्वीकृत अनुदान रकमको सम्झौता बमोजिम भुक्तानीको लागि यो निवेदन पेस गर्दछु।

तल उल्लेखित विवरण अनुसार रकम भुक्तानी गरिदिनु हुन हार्दिक अनुरोध गर्दछु।

अनुदान स्वीकृत मितिः [सम्झौता भएको मिति उल्लेख गर्नुहोस]

अनुदान स्वीकृत रकमः रु. [सम्झौतामा भएको रकम उल्लेख गर्नुहोस]

अनुदान सम्बन्धित परियोजना/प्रविधिः [परियोजना वा प्रविधिको नाम]

संलग्न कागजातहरुः

१. अनुसूची- -९ बमोजिम स्थानीय तहको सिफारिस,
२. अनुसूची- -१० बमोजिम मेशिन जडान गरेको प्रतिवेदन,
३. मेशिन खरिद गरेको सक्कल कर बीजक,
४. उद्योगको खाता रहेको बैंङ्कको चेकको प्रतिलिपि र खाताको विवरण,
५. सम्झौतापत्रको प्रतिलिपि।

यस निवेदनसँग सम्बन्धित सबै आवश्यक कागजातहरू संलग्न गरिएका छन्। कृपया रकम भुक्तानीको प्रक्रिया अगाडि बढाइदिनु हुन अनुरोध छ।

<u>उद्योगको तर्फबाट निवेदकको</u>

दस्तखतः..............................................

नाम, थरः .......................................

पद..........................................

उद्योगको नाम र ठेगाना......................

मिति ..........................................

उद्योगको छाप..................................

अनुसूची- १२

दफा १५ को उपदफा (१) सँग सम्बन्धित

**प्रविधि खरिद तथा जडान अनुगमन प्रतिवेदन**

१. उद्योगको नामः ....................................................

२. उद्योगको दर्ता नः ..................................

३. ठेगानाः ..................................................

४. प्रविधि/मेशिनको नामः

५. खरिद मितिः

६. आपूर्तिकर्ता/उत्पादकः

७. स्वीकृत स्पेसिफिकेशन अनुसार

| विवरण | स्वीकृत स्पेसिफिकेशन | जडान गरिएको प्रविधिको विवरण | मेल/अमेल (Yes/No) | टिप्पणी |
|---|---|---|---|---|
| प्रविधिको नाम | [स्वीकृत नाम] | [जडान नाम] | | |
| क्षमता/क्षमता | [स्वीकृत क्षमता] | [जडान क्षमता] | | |
| उत्पादन दर | [स्वीकृत उत्पादन दर] | [जडान उत्पादन दर] | | |
| अन्य प्राविधिक विवरणहरू | [स्वीकृत विवरण] | [जडान विवरण] | | |

८. अन्य प्राविधिक विवरणहरूः

| Technical Features | स्वीकृत गरेको प्रविधिको | जडान गरेको प्रविधिको | कैफियत |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |

९. जडान गरिएको प्रविधिको फोटोहरूः

(यहाँ प्रतिवेदनसँग प्रविधिको चारैतिरबाट देखिने फोटोहरू खिचेर राख्ने)

१०. **प्रविधि जडानको समग्र मूल्याङ्कन:**

सम्झौता पश्चात प्रविधि जडान गर्न लागेको समय (दिनमा):

प्रविधिको मूख्य कार्य:

प्रविधिको कुल लागत:

प्रविधिको सोधभर्ना हुने रकम:

प्रविधिले प्रस्ताव अनुरूप कार्य गरे/नगरेको:

११. **उद्योगको प्रतिनिधि:**

नाम: ..................................................

पद: ..................................................

दस्तखत: ..................................................

मिति: ..................................................

उद्योगको छाप

अनुगमनकर्ता

दस्तखत:-

नाम, थर:-

पद:-

कार्यालयको छाप:-

मिति:

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
सिंहदरबार, काठमाडौं

अनुसूची- १३

दफा १६ सँग सम्बन्धित

**<u>प्रविधिको विवरण राख्ने ढाँचा</u>**

| आ.व | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| क्र.सं | उद्योगको नाम | दर्ता नं | ठेगाना | | | उद्योगको उद्धेश्य | प्रविधिको नाम | प्रविधिको प्रयोग (उत्पादकत्व अभिवृद्धि, उत्पादनको विविधिकरण, वा विस्तार, प्रदुषण न्यूनीकरण) | प्रविधिको अन्तिम लागत | सोधभर्ना रकम | सम्पर्क व्यक्ति | सम्पर्क नं |
| | | | प्रदेश | स्थानीय | वडा | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
सिंहदरबार, काठमाडौं